# खजुरा गाउँपालिका

## गाउँ सभामा पालिका प्रमुख श्री डम्बर बहादुर वि क द्वारा प्रस्तुत

## आ व २०७९।८० को

# नीति तथा कार्यक्रम

गाउँकार्यपालिकाको कार्यालय

खजुरा, बाँके

०९ असार, २०७९

# खजुरा गाउँपालिकाको नीति तथा कार्यक्रम २०७९।८०

खजुरा गाउँपालिकाको एघारौ अधिवेशनमा उपस्थित सम्पुर्ण गाउँसभाका सदस्यज्यूहरु हार्दिक अभिवादन ।

सर्वप्रथम,

खजुरा गाउँपालिकाको आ व २०७९।८० को नीति तथा कार्यक्रम पेश गर्ने यो गरिमामय सभामा सर्वप्रथम म संघिय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न विभिन्न कालखण्डमा दश वर्षे जनयुद्ध, ऐतिहासिक जनआन्दोलन, मधेश आन्दोलन लगायत विभिन्न उत्पिडीत समुदायले गरेका आन्दोलनमा आफ्नो अमुल्य जीवन वलिदान गर्नुहुने महान् शहिदहरु प्रति हार्दिक श्रद्वान्जली व्यक्त गर्दछु । वेपत्ता योद्वा र घाइते योद्वाप्रति उच्च सम्मान र परिवार प्रति गहिरो सहानुभुति प्रकट गर्दछु ।राजनितिक क्रान्तिमा निरन्तर नेतृत्व गरि हरेक कठिनाइहरु सँग संर्घष गर्दै मुलुकलाई संघिय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापना गर्ने श्रदय नेता गणहरु तथा परिवर्तनकारी सम्पुर्ण जनसमुदाय प्रति हार्दिक नमन तथा सम्मान व्यक्त गर्दछु ।

अबको हाम्रो गन्तव्य गरिवि निवारणका लागि आर्थिक समृद्बि, सुशासन, सामाजिक समावेशिकरण ,समावेशि विकास, सामाजिक न्याय सहितको समान वितरण तर्फ हुन जरुरी छ । संविधानले व्यवस्था गरेका मौलिक हकहरु प्रचलन गराउन पर्ने विषय सबै सरकारहरुका दायित्त्वका रुपमा रहेका छन् ।राजनैतिक आन्दोलनले पुर्णता पाइसकेको वर्तमान अवस्थामा जनताको आर्थिक समृद्बि हासिल गर्ने अभियानमा हाम्रो ध्यान केन्द्रित हुनुपर्ने अवस्थामा आइपुगेका छौ

भौगोलिक विविधताले भरिपुर्ण खजुरा गाउँपालिकामा विभिन्न जाति भाषा धार्मिक सांस्कृतिक भेषभुषा र परम्परागत सम्पदाहरु रहेका छन् ।यी हाम्रा पालिकाका मुख्य पहिचान तथा महत्वपुर्ण सम्पति हुन् भन्ने बुझाइ राखी संरक्षण र सम्वर्द्धन गर्नु हामी नवनिर्वाचित जनप्रतिनिधिहरुको परम कर्तव्य हो ।संविधानले दिएका अधिकारहरु स्थानीय सरकारबाट

प्रदान गरिने सेवा सुविधाहरु सबै गाउँपालिका बासि समक्ष पुर्याउनु हाम्रो प्रमुख दायित्व हो ।स्थानीय तहको सरकार जनताको प्रत्यक्ष सहभागिता सेवा र निगरानीमा सञ्चालन हुने भएकोले हामी जनप्रतिनिधिहरु जनताको शासक नभइ सेवक हौ भन्ने मान्यतालाई आत्मसात गर्दै सकारात्मक सोच र तत्परताका साथ प्राप्त स्रोत साधनालाई अधिकतम उपयोग गरि खजुराको विकास र खजुरेली जनताको सेवा गर्न दृढ संकल्प गर्दै जनता नै इतिहासका निर्माता हुन् भन्ने कुरालाई आत्मसात गर्दछौ ।खजुरेली जनताले विकास निर्माण र आर्थिक विकासमा सहभागिता सूनिश्चितता गर्न **"हामी आफै बनाउँ हाम्रो खजुरा,आत्मनिर्भर र समृद्ध खजुरा"**भन्ने मूल नारा सहित प्रत्येक नागरिकले खजुरा निर्माणमा योगदान पुर्याउने जनमैत्री नीति अङगिकार गर्दछौं ।

सदस्यज्यूहरु अब म पालिकाले बजेट तथा कार्यक्रम तयार गर्दा तय गरेका प्राथमिकता लक्ष्य र उद्देश्य प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

गाउँपालिकाले बार्षिक योजना तथा बजेट तर्जुमा गर्दा निम्न बिषयलाई प्राथमिकता दिइएको छ ।

क) सुशासन र पार्दर्शितालाई अवलम्वन गर्दै दिगो विकासका अवधारणालाई क्रमशः पुरा गरिने ,

ख) पालिकाको सामाजिक तथा आर्थिक रुपान्तरणका लागि स्वास्थ्य सबै नीतिहरुमा लागु गर्दै स्वावलम्वी प्रतिष्पर्धी र स्वस्थ खजुरेली नागरीक उत्पादनमा जोडदिने ,

ग) पालिकाको आर्थिक समृद्धि तथा गरिवी निवारणमा ठोस योगदान पुर्याउने ,

घ) खजुरेली जनताको जीवनस्तर, आम्दानी र रोजगारी ले मुर्त रुप प्राप्त गर्ने ,

ङ) महिला बालबालिका मधेशी मुस्लिम तथा पिछडिएका क्षेत्रको जीवनस्तरमा आमुल परिवर्तका लागि प्रभावकारी बन्ने ,

च) जैविक तथा वातावरणीय पक्षको संरक्षण तथा सम्वर्द्धन गर्न,

छ) खजुराको विभिन्न भाषा कला संस्कृतिको संरक्षण तथा सम्मवर्द्धन गर्दै सामाजिक सद्भावलाई मजबुत गराउने ,

ज) जनताको जीवनस्तर अभिवृद्धि गर्न उत्पादनशिल तथा रोजगारमुलक क्षेत्रमा लगानीको वातावरणलाई ठोस रुप दिने ,

झ) खजुराका निर्माणाधिन गौरवका आयोजनाहरु( बहुउद्देश्य सभाहल, शित भण्डार, औधोगिक ग्राम, खेलकुद ग्राम,गा पा को प्रशासनिक भवन निर्माण, खजुरा ग्रीन सिटि निर्माण, प्रादेशीक विश्वविद्यालय स्थापना ,१५ शैयाको अस्पतालनिर्माण) निरन्तरता दिइने

गाउँसभाका सदस्यज्यूहरु अब म क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु

## क्षेत्रगत नीति तथा कार्यक्रमहरु

### कृषि तथा पशुसेवा र सहकारी सम्वन्धी नीतिः

क) प्रत्येक वडामा कृषि उत्पादनलाई जोड दिन कृषि प्राविधिकको व्यवस्था गर्ने र १ वडा १ पकेट क्षेत्र कार्यक्रमलाई विस्तार गर्ने ।

ख) व्यवसायिक खेति गर्न किसानलाई मल विउ खरीद गर्नमा गाउँपालिका बाट आवश्यक सुविधा उपलब्ध गराइने व्यवस्था गर्ने साथै अर्गानीक खेती, जडिबुटि खेती गर्ने किसानलाई प्रोत्साहन गर्ने ।

ग) व्यवस्थित मासुपसल सञ्चालनका लागि मासु व्यवसायीलाई प्रोत्साहन गर्ने ।

घ) कृषि उपज समर्थन मुल्य निर्धारण समिति बनाई कृषि उपजमा मुल्य तोकिनुकासाथै बजारीकरणका लागि सहजिकरण गर्ने ।

ङ) वडाहरुमा उत्पादित कृषि बस्तुहरु खरिद गर्न गाउँपालिकामा क्रियाशिल सहकारीहरुमध्ये कृषि उपज खरीद गर्न चाहने सहकारीलाई सहुलियतपुर्ण ऋण उपलब्ध गराउन सहजिकरण गर्ने ।

च) सहकारीले कृषिमा आधारीत उघोगहरु सञ्चालित गरेमा त्यस्ता सहकारीहरुलाई विशेष अनुदानको व्यवस्था गर्ने ।

छ)  व्यवसायिक पशुपंक्षि पालकलाई आवश्यक पर्ने भौतिक पूर्वाधार निर्माणमा प्रोत्साहन गर्ने निति लिइने छ ।

ज) पालिका स्तरमा क्रियाशिल सहकारीको एक संजाल निर्माण गरिने छ ।

झ) सिमाना पारीवाट आउने पशुहरु तथा जङगली जनावरको रोकथामका लागि उचित योजना निर्माण गरी कार्य अगाडि बढाइने छ ।

ञ) सिचाइका लागि दिर्घकालिन गुरुयोजना बनाई पालिका भर लागु गर्ने छ ।

ट) पशुपालक कृषकलाई आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउन प्रत्येक वडामा एक एक प्राविधिकका साथै घाँस उत्पादनका लागि पकेट क्षेत्रहरु विकास गरीने छ ।

ठ) सामुहिक तथा सहकारीबाट व्यसायिक कृषि उत्पादन गर्ने समुहलाई विशेष अनुदानको व्यवस्था गरिनेछ ।

ड) पालिका लाई कृषि तथा पशुपंक्षिजन्य उत्पादनमा आत्मनिर्भर बनाउन जोड दिइने छ ।

ढ) कृषि क्षेत्रलाई प्रतिस्पर्धी  र उत्पादनमुखी बनाउन सिचाई, कृषि सड्क, ग्रामिण विद्धुतिकरण, हाट बजार, थोक बजार ,कृषि उपज संकलन केन्द्र, प्रशोधन केन्द्र जस्ता पुर्वाधारहरुको निर्माण तथा संवर्धन गर्ने नीति लिइने छ ।

ण)कृषक पाठशालाको अवधारणालाई अगाडी बढाउने नीति अवलम्वन गर्नुका साथै तरकारी फलफुल ,दुध ,अण्डा, माछा, मासु उत्पादनको आधारमा अनुदान उपलब्ध गराउने नीति लिइनेछ ।

त)"हरेक गृह हरित गृह "अभियान संञ्चालन गरि हरेक घरमा हरित गृह तथा करेशावारी संचालन गर्न प्रोत्साहन गरिने छ ।

थ) खेतियोग्य जमिन र बाँझो राखेका जमिनलाई सम्बन्धित सरोकारवालाई उत्पादन गर्न प्रेरित गर्ने यदि सो हुन नसकेको अवस्थामा स्थानीय सरकारले लिजमा लिइ  गरिब किसानलाई  उत्पादनमा जोड दिन आवश्यक व्यवस्था मिलाउने छ ।

द)नेपाल सरकारको स्वामित्त्वमा रहेको ग्रामिण विकास लघुवित्त  वित्तिय पुनर्संरचना संस्था लिमिटेडमा  गाउपालिको तर्फ बाट आवश्यक समन्वय र सहकार्य  गर्ने निति लिइने छ ।

ध) पालिकामा उत्पादित वस्तुलाई बजार सम्म पुर्‍याउन कृषि एम्वुलेन्सको व्यवस्था गर्न बजेटको व्यवस्था गरिने छ ।

न) गरिव एवम् कमजोर कृषकलाई स्तरोन्ती गर्न (कृषक सँग जनप्रतिनिधि) कार्यक्रम संचालन गरिनेछ ।

प) पालिकामा खाद्य कम्पनी शाखा खोलि कृषि उत्पादन खरीद गर्नका लागि आवश्यक रकमको व्यवस्थापन गर्नुका साथै सामुदायिक अन्नभण्डार स्थापना गर्न आवश्यक बजेट विनियोजन गरिने छ ।

फ) पालिकाको रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगार युवाहरु मध्येबाट प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत श्रम सहकारीमा आवद्धहुने गरि कम्तिमा ३०० कृषि स्वयम् सेवक तयार गरि कृषि उत्पादन तथा उद्दमी कार्यक्रम सञ्चालन गर्न कार्यविधि तय गरि लागु गरिने छ ।

ब) किसानहरुले उत्पादन गरि बिक्रि हुन नसकेका धान, गहु, मकै , दुध,अण्डा,मासु लगायतका कृषि/पशुजन्य उत्पादनमा तोकिएको न्युनतम् समर्थन मुल्यमा खरिद एवम् भण्डारण गरि बजारिकरणका लागि बजेट विनियोजन गरिने छ ।

भ)पशुनश्ल सुधारका लागि भैरहेको नि:शुल्क कृतिम गर्भाधारण सेवालाईनिरन्तरता दिइने छ ।

म) किसानलाई आवश्यक पर्नेसहुलीयत कृषि कर्जा किसानको घरदैलोमा सरल र सहज रुपमा उपलब्ध गराउन बैंक वित्तीय संस्थाहरु सँग समन्वय गरि उपलब्ध गराउनपहल गरिने छ ।

य) सबै वडाका खेतियोग्यजमिनहरुको माटो जाँच गरिने छ ।

र) पालिकामा निर्माणाधीन कोल्ड स्टोरलाई सञ्चालनमा ल्याइने छ ।

ब)किसानहरुलाई प्रोत्साहन स्वरुप सिचाइ मिटरमा उठेको विलको चालिस प्रतिशत रकम अनुदान स्वरुप उपलब्ध गराइने छ ।

## शिक्षा:

क) सामुदायिक तथा संस्थागत विद्यालयतथा शैक्षिक गुणस्तरलाई विकास गरी यस पालिकालाई शिक्षाको पहिलो रोजाइको शैक्षिक गन्तव्य बनाउन दिर्घकालिन योजना बनाई अगाडी बढिने छ ।

ख) आधारभुत तहको शिक्षालाई नि:शुल्क तथा अनिवार्य गराउन विद्यालय जान उमेर पुगेका बालबालिकाहरुलाई अनिवार्य रुपमा विद्यालय भर्ना गर्न विशेष कार्यक्रम सञ्चालन गरिने छ ।

ग) गाउँपालिका भित्रका सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुका लागि कक्षा १२ सम्मको शिक्षालाई नि:शुल्क गर्ने योजनाकों थालनी गर्ने। आर्थिक वर्ष २०७९।८० का लागि निम्न आय भएका विपन्न, अल्पसंख्यक, द्वन्द्व पिडित, मुस्लिम, मधेशी, आदिवासी ,जनजातिका छोरीहरुलाई निशुल्क शिक्षा प्रदान गर्न आवश्यक बजेटको व्यवस्था गर्ने ।

घ) गाउँपालिका भित्रका सामुदायिक क्याम्पसमा उच्च शिक्षा (स्नातक र स्नातकोत्तर तह) मा अध्ययन गर्ने दलित ,मुस्लीम, मधेशी, आदिवासी ,जनजातिका छोरीहरुलाई पनि नि:शुल्क शिक्षाको कार्यक्रममा समावेश गर्ने सामुदायिक क्याम्पसलाई दिईदै आएको अनुदानलाई वृद्धि गर्ने ।

ङ) आगामी शैक्षिक सत्र देखी सामुदायिक विद्यालयमा अध्ययन गर्ने शहिद परीवार अल्पसंङख्यक, द्वन्द्व पिडीत, बेपत्ता परिवार, विपन्न ,गरिव र अपाङगता भएका विद्यार्थीलाई पोशाक र आवश्यक शैक्षिक सामाग्रीहरुको निशुल्क उपलब्ध गराइने छ ।

च) यस पालिकाको केन्द्रमा सुविधा सम्पन्न पुस्तकालयको व्यवस्था गरिने छ ।

छ) अभिभावक विहिन बालबालिकाहरुलाई पालिकाले अभिभावकत्व ग्रहण गर्दै सामुदायिक विद्यालयमा पठनपाठन आवास स्वास्थ्य उपचार दिवा खाजा आदिको व्यवस्था मिलाइने छ ।

ज) प्रविधिमैत्री पूर्ण वातावरणमा सिकाइ र सहजिकरणका लागि शिक्षकहरुमा क्षमता विकास गराइने छ ।

झ) विद्यालयको तहगत रुपमा प्रधानाध्यापकको व्यवस्था गरी प्रशासनिक र प्राज्ञिक कार्यको नेतृत्व विकास गर्ने व्यवस्था मिलाइने छ ।

ञ) न्युनतम विद्यार्थी संख्या प्रति शिक्षक ४० भन्दा कम हुने विद्यालय कार्यरत शिक्षकहरुलाई STR बढि हुने विद्यालयमा काजमा खटाइने नीति लिइने छ ।

ट) संस्थागत विद्यालयलाई वर्गिकरण, शुल्क निर्धारण, न्यूनतम मापदण्ड छात्रावृत्ति वितरणको लागि नियम बनाइने छ ।

ठ) यस गाउँपालिका भित्रका व्यक्तिले उच्चस्तरको प्राविधिक धारको जनशक्ति तयार गर्ने र तयार जनशक्तिलाई यसै पालिकामा सेवा गर्ने सर्तमा अध्ययन खर्च उपलब्ध गराउने ।

ड) शिक्षकहरुको कार्य सम्पादन मूल्याङकनका आधारमा पुरस्कार तथा सम्मानको व्यवस्था गर्ने।

ढ) पालिका स्तरीय शैक्षिक अनुसन्धान केन्द्रको स्थापना गरी पालिकाभित्रको शैक्षीक अनुसन्धानलाई व्यवस्थित गर्ने ।

ण) आगामी आ. व. देखि स्थानीय पाठ्यक्रमको निर्माण गरी लागु गर्ने ।

त) विद्यालय शिक्षामा सूचना प्रविधिको प्रयोगलाई बढाउदै लगिने छ ।

थ) प्राविधिक धार तर्फको शिक्षालाई पुर्ण रुपमा विस्तार गर्दै लगिने छ ।

द) सामुदायिक र संस्थागत विद्यालयहरुको विचमा शैक्षिक उपलब्धिका लागि प्रतिस्पर्धाको वातावरण सृजना गरिने छ ।

ध) सामुदायिक विद्यालयमा पनि यातायातको व्यवस्था विस्तार गरिने छ ।

न) मदरसा विद्यालयको शैक्षिक गुणस्तरलाई प्रभावकारी बनाउन थप व्यवस्थित गरिने छ ।

प) विद्यार्थी सँग जनप्रतिनिधि कार्यक्रम सञ्चालन गरिने छ ।

फ) सम्पुर्ण सामुदायिक विद्यालयहरुमा पढ्दै कमाउदै कार्यक्रमलाई अनिवार्य रुपमा लागु गर्न प्रोत्साहित गर्दै आवश्यक बजेटको व्यवस्था गरिने छ ।

ब) प्रदेश विश्वविद्यालयको स्थापनाका लागि आवश्यक सहयोग तथा समन्वय गरिने छ ।

भ) जनता नमुना मा वि सन्तकुटी स्थित कृषि तथा बनविज्ञान अध्ययन संस्थानद्वारा सञ्चालित प्राकृतिक स्रोत व्यस्थापन कलेजको स्तरोन्नति तथा प्रभावकारी व्यवस्थापनका लागि आवश्यक सहयोग तथा समन्वय गरिने छ ।

म) शिक्षालाई सिप सँग सीपलाई श्रमसँग श्रमलाई रोजगारिसँग रोजगारिलाई उत्पादनसँग र उत्पादनलाई बजारसँग जोड्न विद्यार्थीलाई कक्षाकोठाबाटैव्यवसायिक ज्ञान र सिप प्रदान गर्न संघिय सरकारको कार्यक्रमलाई कार्यविधी तय गरि लागु गरिने छ ।

य) शिक्षकको क्षमता विकास कार्यमुलक अनुसन्धान र परियोजना कार्यमा आधारित शिक्षण सिकाइ र विद्यार्थीको क्षमता वृद्धि गर्न बार्षिक कार्ययोजना बनाइ शैक्षिक गुणस्तर अभिवृद्धि गर्न कार्यक्रम सञ्चालन गरिने छ ।

र) माध्यमिक तहको विपन्न लक्षित छात्रावृत्तिलाई थप प्रभावकारी वनाइ लागु गरिने छ ।

ल)दिवा खाजा कार्यक्रमलाई प्रभावकारी बनाउन अनुगमन कार्यलाई अगाडी बढाइने छ ।

व) डिजिटल सिकाइ सामग्री उपलब्ध गराइ विद्यार्थीको सिक्ने क्षमता अभिवृद्धि गर्न कार्यक्रम तय गरि लागु गरिने छ ।

श) संघिय सरकारको विपन्न, दलित, अल्पसंख्यक, आर्थिक रुपले विपन्न परिवारका बालबालिकालाई गुणस्तरिय शिक्षामा पहुच अभिवृद्धि गर्न आवश्यक कार्यक्रम लागु गरिने छ ।

ष) बालबिकास शिक्षालाई पुर्व प्राथमिक कक्षाको प्राथमिकतायुक्त न्युनतम अवस्था(PMEC)(कक्षा कोठा, खेलमैदान, खानेपानी, विद्यार्थी सिकाइ सामग्री ) मापदण्ड लागु गरिने छ ।

स) सरकारी सेवाप्रवेशका लागि यस पलिकाभित्रका युवायुवतिका लागि निःशुल्क तयारी कक्षाको व्यवस्था गरिने छ र सो व्यक्तिले सेवा प्रवेशपश्चात निश्चित समय यस पालिकामा सेवागर्नुपर्ने छ ।

ह) आ. व. २०८४।८५ सम्म सम्पुर्ण विद्यालयहरुलाई आईसिटिमय बनाउन पहल गरिने छ ।

## युवा तथा खेलकुद

क) रोजगारी सृजना गर्नका लागि युवा उद्यमी तथा व्यवसायीहरुलाई प्रोत्साहन गरिने छ ।

ख) खेलप्रति रुचि बढाउन पालिका कप, अध्यक्ष कप, राष्ट्रपति रनिङग शिल्ड प्रतियोगिता खेलकुद कार्यक्रमहरु सञ्चालन गर्दै उत्कृष्ट खेलाडीहरुलाई प्रोत्साहन गरिने छ ।

ग) पालिका स्तरीय खेलकुद परिषद् स्थापन गरी खेलकुदको विकासलाई विशेष जोड दिइने छ ।

घ) प्रत्येक क्लवलाई कार्यप्रगतिका आधारमा वार्षिक रुपमा विशेष अनुदान रकम उपलब्ध गराउनुका साथै कुनै दुई वटा विधामा वडा स्तरीय खेलकुद तथा कला प्रतियोगिता सृजना गर्न बजेट उपलब्ध गराउने ।

ङ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलमा सहभागि भइ पदक(स्वर्ण रजत वा कास्य पदक) विजेतालाई उचित पुरस्कार तथा सम्मानको व्यवस्था गरीने छ ।

च) बेरोजगार युवाहरुलाई सिपमुलक तालिम उपलब्ध गराइ स्वरोजगार हुन प्रोत्साहित गरीने छ ।

छ) स्थानीय क्लवहरुको सहभागितामा लागु औषध धुम्रपान र मध्यपान विरुद्धको जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनुका साथै आवश्यकता आधारमा क्लव गठनको लागि प्रोत्साहन गरिने छ ।

ज) एक व्यक्ति एक रोजगार कार्यक्रमको लक्ष्यलाई प्राप्त गर्न व्यापक गुरुयोजना बनाइ अगाडी बढाइने छ ।

## स्वास्थ्य खानेपानी तथा सरसफाइ

**क)** आमा सुरक्षा कार्यक्रम अन्तर्गत खजुराको केन्द्रमा  बर्थिङग  सेन्टरको स्थापना गर्न बजेटको व्यवस्था गर्ने ।

**ख)** स्वास्थ्य विमा कार्यक्रमलाई प्रभावकारी बनाइ विपन्न,दलित र असहायपरिवारलाई निशुल्क स्वास्थ्य विमाका लागि आवश्यक बजेटको व्यवस्था गरिने छ ।

**ग)** विद्यालय स्वास्थ्य कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरिने छ।

**घ)** जेष्ठ नागरीक र दिर्घरोगि(क्यान्सर, मृगौला, मुटु तथा पक्षधात) विरामीका लागि स्वास्थ्य उपचारको लागि आवश्यक बजेटको व्यवस्था गरिने छ ।

**ङ)** लागु औषध दुर्व्यसनी नियन्त्रण गर्न आवश्यक कार्यक्रम तर्जुमा गरी लागु गरिने छ ।

**च)** महिलासामुदायिक स्वास्थ्य स्वयम् सेविकाहरुलाई थप उत्तरदायि तथा जिम्मेवार बनाउनुका साथै स्वास्थ्य आमा समुहलाई समेत प्रोत्साहन कार्यक्रम लागुगरिने छ ।

**छ)** सुशिल कोइराला क्यान्सर अस्पतालमा रेडक्रस सँग सहकार्य गरी ब्लड बैंक स्थापना गर्ने ।

**ज)** महामारीका रुपमा आउन सक्ने विभिन्न सरुवा रोगहरुलाई समयमै नियन्त्रण तथा रोकथाम गर्न उचित बजेटको व्यवस्थापन गरीने छ ।

**झ)** प्राथमिक स्वास्थ्य केन्द्र लगायत प्रत्येक वडाका स्वास्थ्य संस्थाहरुबाट नेपाल सरकारबाट तोकिएका अत्यावश्यक औषधिहरु बाहैं महिना उपलब्धताको सुनिश्चिता गर्न आवश्यक बजेटको व्यवस्था गरिने छ ।

**ञ)** खजुरा गाउँपालिकामा स्वास्थ्य संस्था तथा बजारबाट निस्किने फोहरमैला लाई उचित  व्यस्थापन गर्न आवश्यक बजेटको व्यवस्था गरिने छ ।

**ट)** उपाध्यक्ष कोसेली  वितरण कार्यक्रम सुत्केरी आमाहरुका लागि  लागु गरिने छ ।

**ठ)** आयुर्वेद सेवालाई विस्तार गर्दै समुदायमा आयुर्वेद सेवाको जनचेतना फैलाई स्वस्थ जीवन जिउने पद्धतिको विकास गर्न नागरीक आरोग्य केन्द्रलाई सक्षम बनाइने छ ।

**ड)** पालिका अन्तर्गतका प्रत्येक वडाका महिलाहरुलाई लक्षित गरी वर्षको एक पटक स्त्रीरोग विशेषज्ञ डाक्टर बाट निशुल्क महिला स्वास्थ्य शिविर को व्यवस्थाका लागि आवश्यक बजेटको विनियोजन गरिने छ ।

**ढ)** पालिकाका प्रत्येक वडामा एच आइ भि र लागु औषध दुर्व्यसन को समस्यालाई न्युनिकरण गर्न किशोरकिशोरिलाई लक्षित गरि जनचेतनामूलक कार्यक्रमलाई सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरिने छ ।

**ण)** पालिकाको आवश्यकता अनुसार स्वास्थ्य सेवा लाई थप प्रभावकारि बनाउन एम्वुलेन्सको व्यवस्थापनका लागि आवश्यक बजेट विनियोजन गरिने छ ।

**त)** खानेपानी र सरसफाई कार्यक्रम अन्तर्गत पानीको गुणस्तर चेकजाच तथा पानी शुद्धिकरण गर्ने कार्यक्रम अगाडी बढाउनुका साथै संघिय खानेपानी तथा ढलनिकास योजना अन्तर्गत खजुरा खानेपानी आयोजनालाई पुनर्निर्माण र विस्तार गर्न सहकार्य गर्ने ।

**थ)** प्रदेश खानेपानी तथा ढलनिकास निर्माणाधिन आयोजनाहरुलाई छिटो छरितो कार्यान्वयनको लागि अगाडि बढाउन पहल गरिने छ ।

**द)** आर्सेनिक युक्त पानी भएको र सतहमुनी पानी नभएको कारण खानेपानीको समस्या झेलीरहेका बस्तीहरुको पहिचान गरि तत्काल खानेपानीको समस्या समाधान गर्न बजेटको व्यवस्था गरिने छ ।

**ध)** **“स्वस्थ शिशु उज्जवल भविष्य”** कार्यक्रमलाई निरन्तरता दिइने छ

## भौतिक पुर्वाधार सम्वन्धमा

**क)** पालिका स्तरिय भौतिक पुर्वाधार निर्माणका कार्यमा बालमैत्री अपाङगमैत्री पुर्वाधार निर्माणको नीति लिइनुका साथै निर्माण भैरहेका संचरचनाहरुको मर्मत र बन्न बाकी रहेका सड्कहरुको क्रमश: स्तरोन्नती गर्दै लगिने छ ।

**ख)** अधुरा योजनाहरुलाई पूर्णता दिन आवश्यक बजेटको विनियोजन गरिने छ ।

**ग)** पालिका भित्र खानेपानीको अभावलाई तत्काल व्यवस्थापन गर्नका लागि आवश्यक कार्य अघि बढाइने छ ।

**घ)** मर्मत सम्भारका लागि विद्यालय ,सामुदायिक भवन,पुलपुलेशा बाटोघाटो खानेपानीको ढलनिकासलाई तत्काल व्यवस्थापन गरिने छ ।

**ङ)** सड्क निर्माणका लागि आश्यकताको पहिचान गरी बजेट विनियोजन गरिने छ ।

**च)** विद्युत लाईन प्रसारणका लागि विद्युत प्राधिकरण सँग आवश्यक समन्वय गरिने छ ।

**छ)** सार्वजनिक शौचालय निर्माणका लागि आवश्यक बजेटको व्यवस्था गरिने छ ।

**ज)** पालिका स्तरिय मर्मत संभार कोषको निर्माण गरिने छ ।

**झ)** भवन आचारसंहिताको अधिनमा रहि मापदण्ड अनुसारको नक्सा बनाइ घर बनाउन प्रोत्साहन गरिने छ ।

**ञ)** बैकल्पिक उर्जाको प्रयोग गर्दै सड्क वत्ति विस्तारको योजना अगाडी बढाइने छ ।

**ट)** विपन्नका लागि आवास योजना कार्यक्रमका लागि आवश्यक वजेट विनियोजन गरिने छ ।

**ठ)** नक्सामा बाटो रहेको तर फिल्डमा बाटो नरहेका स्थानहरुको पहिचान गरि तत्काल बाटोको ट्र्याक खोल्न बजेटको व्यवस्था गरिने छ ।

**ड)** भानु मा.वि.को अधुरो प्राविधिक भवन निर्माणका लागी बजेटको व्यवस्थापन गरिने छ ।

## सार्वजनिक सेवा प्रवाह सुशासन तथा संस्थागत विकास

क) खजुरा गाउँपालिका प्रत्येक वडा कार्यालयमा सर्वसाधरणका लागि फ्रि वाइफाइ र इन्टरनेटको व्यवस्थाका लागि आवश्यक बजेट विनियोजन गरिने छ ।

ख) नागरिकले दैनिक रुपमा उपभोग गर्ने प्रशासनिक सेवालाई जनमुखी प्रभावकारि र पारदर्शि बनाउन पालिका बाट निरन्तर रुपमा अनुगमन गर्ने योजना बनाइने छ ।

ग) सुशासन सम्वन्धि अनुगमन र निरीक्षण प्रणालीलाई नियमित र प्रभावकारी बनाइने छ ।

घ) गाउँपालिका र वडा कार्यालयमा दैनिक प्रशासनिक कार्यमा सेवा ग्राहिलाई सहयोग गर्न सहयोगि कक्ष को व्यवस्था गर्न आवश्यक कर्मचारीको व्यवस्था गरिने छ ।

ङ) सेवाग्राहिको गुनासो पहिचान गरि सेवालाई सरल र सहज रुपमा प्रदान गर्न विधि बनाउन त्रैमासिक रुपमा गुनासो सुनुवाई कार्यक्रमको आयोजना गरिने छ ।

च) परिवर्तनका लागि योगदान दिने शहिद परिवार, वेपत्ता परिवार, घाइते परिवारका सदस्यहरुका लागि स्वरोजगार तथा रोजगारिका लागि अग्राधिकार तथा सहजिकरणको नीति ल्याइने छ ।

छ) पालिका भित्रका द्वन्द्व पिडित, अपाङ्ग, घाइते,वेपत्ता परिवारका सदस्यहरुलाई जीवनयापनका लागि विशेष कार्यक्रम बनाई लागु गरिने छ ।

ज) गाउँपालिकाबाट प्रदान हुने सेवा प्रवाहमा मुस्कान सहितको सेवाको अवधारणालाई पुर्ण रुपमा कार्यान्वयनमा ल्याइने छ ।साथै काँधमा जिम्मेवारी, हृदयमा इमान्दारी र मष्तिस्कमा समझदारीका साथ सेवा प्रवाहमा पारदर्शिता र जवाफदेहिता कायम गरी नागरीक मैत्री सेवा प्रवाह गरिने छ ।

झ) गाउँपालिका लाई आधारभुत सेवा सुविधा सहजतापूर्वक प्रदान गर्न संस्थागत क्षमता विकास गरिनुका साथै कर्मचारीहरुलाई क्षमता अभिवृद्धि सम्वन्धि तालिमको व्यवस्था गरिने छ ।

ञ) गाउँपालिका भित्र हुने आर्थिक कारोवारहरुमा आर्थिक अनुशासन कायम गरिनुका साथै कार्यसम्पादनलाई छिटोछरीतो पारदर्शि गुणस्तरीय र प्रविधिमैत्री बनाउदै भ्रष्टाचारको शुन्य सहनशिलताको नीति लिइनेछ ।

ट) जनताले स्वामीत्त्व ग्रहण नगरे सम्म विकास दिगो र प्रभावकारी हुन सक्दैनन तसर्थ पालिका क्षेत्र भित्र बुद्धिजीवि सामाजिक अगुवा तथा टोल विकास संस्थालाई विकासको आधारस्तम्भका रुपमा परीचालित गरिने छ ।

ठ) पालिकाको आन्तरीक स्रोतको परीचालनबाट पालिकाको वित्तिय सवलिकरण र आर्थिक स्वामित्व कायम गरिनुका साथै पालिकाको वित्तिय पक्षलाई समग्र आर्थिक समृद्धिको मूल आधार बनाइने छ ।

ड) गाउँपालिका प्रहरीको भर्ना गरी पालिकाको सुरक्षा तथा व्यवस्थापन लाई सुदृढ गरिने छ ।

ढ) हरेक महिना कर्मचारि बैठक, शाखा प्रमुख सँग कार्यसम्पादन करार सम्झौता र सोको आधारमा दण्ड पुरस्कारको व्यवस्था गरिने छ ।

ण) आन्तरिक पर्यटनलाई प्रवर्धन गर्न तथा अनुभव संगाल्न कर्मचारीलाई पर्यटन काजको लागि आवश्यक बजेट विनियोजन गरिने छ ।

## न्यायिक समिति सम्वन्धिः

**क)** पालिकामा न्यायिक समितिका पदाधिकारीहरुको क्षमता विकास गरी न्यायिक निरुपणको कार्यलाई अझै प्रभावकारी बनाइने छ ।

**ख)** मेलमिलाप संयोजककालागि क्षमता विकास तालिमको व्यवस्था गरिने छ ।

**ग)** प्रत्येक वडा स्तरमा वर्तमान कानुनको प्रावधानहरुको सम्बन्धमा कानुनी चेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ ।

घ) मेलमिलाप केन्द्रहरुको भौतिक क्षमताको विकास तथा व्यवस्थित गर्दै लगिने छ ।

ङ) न्यायिक समितिलाई सुव्यवस्थित चुस्त दुरुस्त एवम् मेलमिलापको भरपर्दो माध्यम बनाइने ।

च) मेलमिलाप सम्वन्धि अन्तर पालिका/प्रदेश पारस्परीक अध्ययन अनुगमन गराईने छ ।

छ) वडा अध्यक्ष  सचिव र मेलमिलाप संयोजकहरुलाई अभिमुखीकरण गरिने छ ।

ज) सिकाई आदन प्रदान गोष्ठि सञ्चालन गरिने छ ।

झ) मेलमिलाप कर्ताहरुलाई पूनर्ताजगी तालिम का लागि आवश्यक व्यवस्था गरिने छ ।

ञ) न्यायिक कार्य सम्पादन गर्न भ्रमण तथा अनुगमनका लागि आवश्यक व्यवस्था गरिने छ ।

ट) इजलास तथा मेलमिलापको कार्यलाई थप व्यवस्थित गरिनेछ ।

## लैङगिक समानता तथा सामाजिक समावेशिकरण नीति:

क) जेष्ठ नागरीकको स्वास्थ्य परिक्षण सुविधा प्रदान गर्न प्रत्येक महिनामा एक पटक हरेक वडामा घुम्ति टोली खटाउन आवश्यक बजेटको व्यवस्था गरिने छ , जेष्ठ तथा अपाङग नागरीकहरुलाई स्वास्थ्य जाँच गर्न निशुल्क स्वास्थ्यकर्मि सेवा घरघरमा पुर्याइने ।

ख) अपाङग र विपन्न वर्गलाई उत्पादनमुखी सिपमुलक तालिमहरु निशुल्क रुपमा प्रदान गर्ने व्यवस्था गर्नुका साथै स्वयमंले व्यवसायिक कार्य संञ्चालन  गरेमा आवश्यक अनुदानको व्यवस्था गरिने छ ।

ग) जेष्ठ नागरिकका लागि प्रदान गरिने सामाजिक सुरक्षा भत्ता सहजरुपमा उपलब्ध गराउन सम्वन्धित बैंक सँग सहकार्य गरि प्रत्येक वडामा नै उपलब्ध गराइने छ ।

घ) दलित महिला अल्पसंख्यक बालबालिका लगायत लक्षित वर्गका लागि जीवनस्तर परिवर्तन गर्न उत्पादनमुलक तालिम चेतना अभिवृद्धि तालिम साना तथा घरेलु उद्योग सञ्चालनका लागि बजेटको व्यवस्था गरिने छ ।

ङ) बालमैत्री तथा अपाङगमैत्री पालिका घोषणा गर्नका लागि पुरा गर्नुपर्ने सूचकपार गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिने छ ।

च) उपाध्यक्ष सँग एकल महिला सशक्तिकरण कार्यक्रम सञ्चालन गरि आत्मनिर्भर बनाउन आवश्यक व्यवस्था गरिने छ ।

छ) विभिन्न राष्ट्रिय अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्थाहरु सँग सहकार्य समन्वय गरि लक्षित वर्ग,गरिविको रेखामुनी रहेका परिवारहरु ,महिला, युवा, बालबालिका ,मधेशि, मुस्लिम सिमान्तकृत तथा अल्पसंख्यकसमुदायलाई चेतना अभिवृद्धि गर्दै सामुहिक उत्पादन, रोजगार ,स्वरोजगार ,उत्पादनमुलक तालिम तथा मानववेचविखन महिला हिंसा ,लागुऔषध दुर्व्यसनीलाई नियन्त्रण गर्न आवश्यक योजना बनाइ लागु गरिने छ ।

ज) पालिकामा कार्य गर्न चाहने राष्ट्रिय अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्थाहरुले कुन क्षेत्रमा कति समय सम्म के के कार्य गर्ने हो ?सो को कार्ययोजना अनुसार कार्य गर्न प्रोत्साहन गर्न आवश्यक समन्वय गरिने छ ।त्यस्ता संस्थाहरुले कामको प्रकृतिअनुसार नियमित रुपमा प्रगति प्रतिवेदन वुझाउने व्यवस्था गरिने छ ।

झ) मधेशी तथा मुस्लिम समुदायका महिलाहरुलाई सशक्तिकरण गर्न विषेश कार्यक्रम सञ्चालनका लागि आवश्यक व्यवस्था मिलाइने छ ।

ञ) नीजि वन दर्ता गर्ने कानुन लागु गरिने छ ।

ट) आर्थिक उत्पादनमा प्रत्यक्ष संलग्नता बढाउने उद्देश्यका साथ लघुउद्यम सिलाई कटाई र अन्य प्राविधिक सिपहरुको व्यवस्था लागु गरिने छ ।

ठ) हाल विभिन्न समुहका नाममा जथाभावी रुपमा ऋण लिने र दिने प्रचलनको अन्त्य गरि सहुलियत व्याज दरमा व्यस्थित र सहज रुपमा ऋण उपलब्ध गराउन पहल गरिने छ ।

ड) महिला तथा बालबालिकाहरुको उचित पोषण स्वास्थ्य र शिक्षाको व्यवस्था कसरी गर्ने भन्ने विषयमा एक वर्षभित्र बृहत कार्ययोजना बनाई लागु गरिने छ ।

ढ) किशोरकिशोरी मैत्री गरिव तथा लैङगिक मैत्री पिछडिएका जनता मैत्री र वातावरण मैत्री सुशासन व्यवस्था लागु गरिने छ ।

ण) उपाध्यक्ष सँग किशोरी हातेमालो कार्यक्रम सञ्चालन गरिने छ ।

## संस्कृति तथा पर्यटन सम्वन्धीः

क) खजुरा प्रज्ञा प्रतिष्ठानको गठन गरि यस पालिकाको भाषा, साहित्य ,कला र संस्कृतिको संरक्षणमा जोड दिन आवश्यक व्यवस्था गरिने छ ।

ख) सबै जातजाति र धर्म प्रति आस्था राख्नेहरुको धार्मिक स्थलको निर्माण व्यवस्थापन र सञ्चालनका लागि आवश्यक सहयोग उपलब्ध गराइने छ ।

ग) विभिन्न धर्म र जातजातिले आफ्नो धर्म संस्कृति अनुसारको संस्कार गर्नमा प्रोत्साहन गरिने छ ।

घ) सबैको कला संस्कृति र परम्परा झल्काउने भेषभुषा,बाजागाजा र धार्मिक ग्रन्थहरुसमेत एक थलोमा देख्न सकिने गरि गाउँपालिकामा एक कला संग्रालयको निर्माण गरिने छ ।

ङ) स्थानिय स्तरको लोक संस्कृति, गायन, वाद्यवादन ,नृत्य लगायतका अन्य सांस्कृतिक सम्पदाहरुको संरक्षण र प्रवर्द्धनमा जोड दिइने छ ।

च) पालिका भित्र रहेका विभिन्न भाषाहरुको संरक्षण र सम्वर्द्धनका लागि स्थानीय पाठ्यक्रममा समावेश गरिने छ ।

छ) पालिका स्तरीय पर्यटन विकास बोर्डको स्थापना गर्न आवश्यक व्यवस्था गरिने छ ।

ज) पर्यटकहरुलाई खजुरामा आकर्षित गर्न विभिन्न ठाउँहरुमा अवलोकनयोग्य स्थानहरु र पालिका अन्तर्गत सञ्चालीत होमस्टे लगायतका स्थानहरुमा पर्यटकहरुको आकर्षण बढाउने कार्यक्रमलाई प्रोत्साहन गरिने छ ।

झ) घियाको कान्तिपुर स्थित बधुवा ताल, रनियापुरको टेडी ताललाई स्तरोन्नति गर्दै पर्यटकिय स्थलको रुपमा विकास गरिने छ ।

ञ) बैजनाथ पालिकाको सिमानाबाट तिरैतिर भारतको सिमाना सम्म रिङगरोडको अवधारणाका साथै मानखोलामा तटबन्धन पर्यटकिय उद्यान निर्माणमा दिर्घकालिन योजना बनाउन आवश्यक समन्वय तथा पहल गरिने छ ।

ट) लोपोन्मुख कला र सिपको संरक्षणमा जोड दिने साथै परम्परागत मेला जात्रा इदगाहको आधुनिकरण र व्यवस्थापनमा जोड दिइने छ ।

ठ) किरन नालामा भएको गोहीलाई संरक्षणका लागि संरक्षण समितिको निर्माण गरि उचित व्यवस्थापनका लागि आवश्यक बजेको विनियोजन गरिने छ ।

ड) खजुराको समग्र इतिहास लेखनका लागि आवश्यक बजेट विनियोजन गरि कार्य अगाडि बढाइने छ ।

ढ) मानखोला र किरन नालामा शव अन्त्यष्टिका लागि घाटको व्यवस्थापन गरिने छ ।

## वन , वातावरण तथा विपद् व्यवस्थापन :

क) उद्योग तथा कलकारखाना सञ्चालन गर्दा वातावरणीय पक्षलाई पालना गरिएको नगरिएको अनुगमन गरि विषेश ध्यान दिइने छ ।

ख) फोहर व्यवस्थापन गर्न फोहर व्यवस्थापन स्थल निर्माण गरि उचित व्यवस्थापनका लागि आवश्यक बजेटको व्यवस्थापन गरिने छ ।

ग) सामुदायिक वनलाई संरक्षण गर्दै जडीबुटि खेतिको विस्तारमा जोड दिइने छ ।

घ) वातावरण संरक्षण गर्न सड्क छेउछाउमा वृक्षारोपण गरिने छ ।

ङ) विपद् व्यवस्थापन कोषमा प्रयाप्त रकम विनियोजन गरि सम्भाव्य विपत्ति र विपत पश्चात हुने क्षति न्युनिकरण र राहत तथा पुनर्स्थापन कार्यलाई प्रभावकारी ढङगले निरन्तरता दिइने छ ।

च) प्रदेशसँगको सहकार्यमा निजी तथा सामुदायिक वन प्रवर्धन र विकासका लागि वृक्षारोपण गर्न आवश्यक कार्यक्रम लागु गरिने छ ।

छ) वृक्षारोपण तटवन्ध र अन्य तरिकाबाट भूक्षय नियन्त्रण गरि कृषियोग्य जमिन र बसोबास क्षेत्रको संरक्षण गर्न कार्यक्रम तय गरि लागु गरिने छ ।

## घरेलु तथा साना उद्योगका सम्वन्धमाः

क) घरघरमा घरेलु तथा साना उद्योग सञ्चालनका लागि बजेटको व्यवस्था गरि साना उद्योग सञ्चालनका लागि प्रोत्साहन गरिने छ ।जस्तैः गार्मेन्ट पाउरोटि चाउमिन मसला उद्योग जुस चिज छुर्पी खुवा वदाम शेक र कफि उद्योग आद ।

ख) स्थानीय स्तरमा उत्पादित सामानहरुको बजारिकरणको सुनिश्चितता प्रदान गर्न सहयोग पुग्ने गरि कार्यक्रम तथा बजेटको व्यवस्था गरिने छ ।

ग) विदेशबाट फर्किएका तथा वेरोजगार युवाहरु मा रहेको सिपको विवरण रोजगार सूचना केन्द्रमा अद्यावधिक गरि स्थानीय तह / प्रधानमन्त्री रोजगार कार्यक्रमको विच तालमेल गरि त्यस्तो जनशक्तिलाई स्थानीय तह भित्र उपलब्ध हुने निर्माण सेवा, व्यवसाय, उद्योग, कृषि लगायतका क्षेत्र तथा रोजगारदाताहरु सँग समन्वयगरि रोजगार प्रदान गर्न सहजिकरण गर्ने व्यवस्था मिलाईने छ ।

घ) सहकारिलाई गाउँपालिकाको समग्र अर्थतन्त्रमा आर्थिक वृद्धिको एक अंशको रुपमा लिइ सक्षम बनाइने छ ।

ङ) गाउँपालिकामा रहेका सहकारिहरु लाई बैज्ञानीक तथा समयसापेक्षरुपमा अगाडि बढाउनका लागि गा पा मा सहकारि विकास समितिको गठन गरिने छ ।

च) संघिय सरकारले तय गरेको **"मुलुकको विकास र समृद्धि विषेश अभियान दशक २०७९-२०८९"** अन्तर्गत आफ्नो विशेष उत्पादनको लागि आवश्यक बजेट विनियोजन गरिने छ ।

छ) पालिका भित्र स्वदेशी वस्तुको उत्पादन प्रयोग गर्न निजि क्षेत्रले संचालन गरेका मेक इन नेपाल तथा मेड इन नेपाल जस्ता अभियानलाई स्थानीय स्तरका वस्तुको उत्पादन र वजारिकरणमा सहयोग गर्ने कार्यक्रम लागु गरिने छ ।

ज) संघिय सरकारको युवा उद्यमशिलता विकास र नव प्रवर्तन प्रवर्तन गर्ने कार्यक्रम बनाइ लागु गर्न स्टार्ट अप व्यवसायमा सुरुवाती पुजी उपलब्ध गराउन पालिकाबाट आवश्यक बजेट विनियोजन गरिने छ ।

झ) पालिकाले प्रदेश सरकारसँगको सहकार्यमा स्थानिय उद्दमीहरुलाई फलफुल खेती गर्न र फलफुलको जुस तथा वाइन उद्योग खोल्न प्रोत्साहन गर्न आवश्यक व्यवस्था गरिने छ ।

ञ) स्थानीय उत्पादन जस्तै बेसार अदुवा लसुन धनियाँ जीरा खुर्सानी जस्ता मसलाजन्य वस्तुको उत्पादन बृद्धि गरि गर्न आवश्यक बजेट विनयोजन गरिने छ ।

ट) कपास खेतीलाई प्रोत्साहन गर्न संघिय सरकारको कार्यक्रमलाई कार्यान्वयन गर्न कार्यविधि तय गरि लागु गरिने छ ।

ठ) पालिकामा औधोगिक ग्राम स्थापनाका लागि आवश्यक बजेट विनियोजन गरिने छ ।

ङ) अति विपन्न र सिमान्तकृत वर्गका लागि निजी क्षेत्रसँग समन्वय गरी कार्यस्थलमा आधारित रोजगारी सिर्जना गर्ने कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरिने छ ।

ढ) संघिय सरकारको एक घरपरिवार एक रोजगार, एक वस्ती एक आर्थिक पहिचान, एक वडा एक वजारको अवधारणा कार्यन्वयन गर्न आवश्यक बजेटको व्यवस्थापन गरिने छ ।

ण) संघिय सरकारको प्रदेश तथा स्थानिय तहको लागत साझेदारी र निजि क्षेत्रसँगको सहकार्यमा नवप्रवर्तनमा आधारित आर्थिक विकास कार्यक्रमकाका लागि तोकिएका कार्यक्रमलाई कार्यान्वयन गरि प्रभावकारी वनाउन आवश्यक बजेट बिनियोजन गरिने छ ।

## भुमिनीति तथा भुमिहिनको व्यवस्थापनका सम्वन्धमा:

क) गाउँपालिकामा खरको छाना रहित सुरक्षित आवासको व्यवस्था गर्न घरधुरी सर्वेक्षण गरि अतिविपन्न परिवारबाट यस कार्यक्रमको थालनी गर्न आवश्यक बजेट विनियोजन गरिने छ ।

ख) ऐलानी जग्गा बसोबास गरि रहेकालाई जग्गा धनी प्रमाण पुर्जा(लालपुर्जा)उपलब्ध गराउन विषेश पहल गरिने छ ।

ग) जमिनलाई भू-उपयोग ऐन २०७६ र भू-उपयोग नियमावली २०७९ का आधारमा वर्गिकरण गरि सोको आधारमा खेतियोग्य क्षेत्र ,बसोबास क्षेत्र ,सहरि क्षेत्र , औधोगिक क्षेत्र र बृक्षारोपण क्षेत्र आदिमा वर्गिकरण गरिने छ ।

घ) नमुना वस्ती विकास आयोजना बनाइ विपन्न र गरिव परिवारको परिचय पत्र उपलब्ध गराइ प्रत्येक घरपरिवारलाई दुइ कोठा एक भान्सा र शौचालय समेत रहेको एक पक्कि घर निर्माण गरि आगामी पाँच वर्ष भित्र लागत रकमको आधा मुल्यमा घर उपलब्ध गराउन आवश्यक रकम विनियोजन गरिने छ ।

ङ) गाउँपालिकाको तर्फ बाट घरप्राप्त गर्ने प्रत्येक परिवारका सदस्यलाई वडाको विकास निर्माणका कार्यहरुमा पहिलो प्राथमिकताका साथ रोजगारि उपलब्ध गराउने नीति अवलम्वन गरिने छ ।

## पारिवारीक अभिलेखिकरण सम्वन्धमाः

क) यस पालिकाका प्रत्येक परिवारको प्रत्येक व्यक्ति सँग पालिका सँग प्रत्येक्ष सम्पर्क स्थापित गरि जनसेवालाई सहज बनाउन पारिवारिक अभिलेखीकरण गरिने छ ।

ख) घरपरिवार सर्वेक्षण निर्देशिकाको अधिनमा रहि प्रत्येक घरपरिवारको वि स २०८० चैत्र मसान्त भित्र पारिवारिक अभिलेख राखिने व्यवस्था मिलाइने छ ।

ग) अभिलेखका आधारमा सहिद परिवार वेपत्ता परिवार घाइते परिवार द्वन्द्व पिडित परिवार विपन्न गरिव परिवारलाई पालिकाबाट प्रदान गरिने सेवासुविधालाई विषेश प्राथमिकता दिन नागरिक परिचय पत्र उपलब्ध गराइने छ ।

## सुचना तथा सञ्चारका सम्वन्धमाः

क) गाउँपालिका लाई डिजिटल खजुरामा परिणत गर्ने तर्फ अगाडि बढाइने छ ।

ख) पालिका भित्र भए गरेका कामहरुको प्रगति विवरण प्रकाशमा ल्याउन अर्धवार्षिक रुपमा पालिका बुलेटिन र बार्षिक रुपमा पालिका स्मारीका प्रकाशित गरिने छ ।

ग) सञ्चार सहकारि मार्फत सामुदायिक एफ एम रेडियो र अनलाईन पत्रिका सञ्चालन गर्न चाहने व्यक्ति संस्था वा कम्पनी लाई प्रोत्साहन गरिने छ ।

घ) पालिकाले सञ्चालन गर्ने प्रत्येक आयोजनाको प्रगति विवरण र आर्थिक कारोवारको विवरण पालिकाको वेवसाइट तथा विभिन्न माध्यमबाट सार्वजनिक गरिने कार्यलाई निरन्तरता दिइने छ ।

ङ) गाउँपालिका भएका विभिन्न कार्यहरुलाई प्रभावकारी र पँहुच योग्य बनाउन टेलिभिजन, रेडियो, पत्रपत्रिका र अनलाइन लगायतका सञ्चार मिडिया बाट सूचना सम्प्रेषण गर्न सहकार्य र समन्वको वातावरणलाई अभिबृद्धि गरिने छ ।

## गरिवी निवारण ,श्रम तथा रोजगारः

क) विभिन्न मन्त्रालयबाट संचालन हुने व्यवसायिक तालिम एवं गरिवी निवारण सम्वन्धी कार्यक्रमलाई लागु गर्न आवश्यक समन्वय गरि लागु गरिने छ ।

ख) संघ तथा प्रदेश सरकारको समन्वयमा पालिकाभित्र रहेका तालिमयोग्य जनशक्तिलाई उनीहरुको क्षमता र रुची अनुसारको तालिम प्रदान गर्न आवश्यक सहजिकरण तथा समन्वय गरिने छ ।

ग) श्रम सहकारी मार्फत विभिन्न सीपमूलक तालिम प्रदान गर्नुका साथै श्रमिकहरुलाई मागका आधारमा विभिन्न परियोजना निर्माण कार्यमा खटाउन संघिय र प्रदेश सरकार सँग समन्वय र सहकार्य गरिने छ ।

घ) बैदेशिक रोजगारबाट फर्केका खजुरेलीहरुलाई उनीहरुले आर्जन गरेको अनुभव सिप र पूँजी लगानी गरि उत्पादन र स्वरोजगार क्षेत्रमा काम गर्न प्रोत्साहन गर्न आवश्यक व्यवस्था गरिने छ ।

ङ) न्यून आय भएका श्रमिक र गरिब परिवारको पहिचान गरी खाद्यय सुरक्षा परिचय पत्रको व्यवस्था गर्न आवश्यक व्यवस्था गरिने छ ।सो परिचय पत्रका आधारमा सुपथ मुल्यको पसल सञ्चालन गरि सहुलियत दरमा खाद्य सामाग्रि उपलब्ध गराउने व्यवस्था मिलाईने छ ।

च) पालिका भित्रका कुनै पनि नागरिक बैदेशिक रोजगारको सिलसिलामा निधन भएमा सोको परिवारलाई विशेष आर्थिक सहयोगको व्यवस्था गरिने छ ।

छ) गरिव परिवारको एकिकृत सूचनाको लागि गरिव घरपरिवारक सूचाना प्रणाली निर्माण गरी पालिकाले गरिव परिचय पत्र वितरण गर्ने कार्यक्रम कार्यान्वय गर्न आवश्यक व्यवस्था मिलाइने छ ।

ज) संघिय सरकारको निरपेक्ष गरिविको रेखामुनी रहेका दलित समुदायका श्रम योग्य जनशक्तिलाई सिपमुलक तालिम दिइ स्वरोजगार बनाउन परम्परागत पेशा ज्ञान र सिपमा आधारित व्यवसायका अतिरिक्त अन्य व्यवसाय सञ्चालनका लागि प्रोत्साहन गर्ने कार्यक्रममा थप सेवा सुविधा प्रदान गर्ने गरि बजेट विनियोजन गरिने छ ।

झ) भुमिहिन दलित सुकुम्वासी र अल्पसंख्यक समुदायद्वारा स्थापित सहकारी संस्थाहरु मार्फत सञ्चालन हुने कृषि पशुपालन तरकारी खेती ग्रामिण उद्येम व्यवसाय सञ्चालनका लागि अधिकतम पाँच प्रतिशत सहुलियत व्याज दरमा कर्जा दिने संघिय सरकारको कार्यक्रममा थप सुविधा दिइ लागु गरिने छ ।

ञ) गरिवलाई रोजगार र स्वरोजगारको अवसर प्रदान गर्न अति विपन्नताका आधारमा प्राथमिकिकरण गरि क्षमता विकास र सिपमूलक तालिम दिने कार्यक्रमका लागि बजेट विनियोजन गरिने छ ।

ट) फुसको छानो विस्थापित गरि टिनको छानो लगाउने कार्यक्रम अगाडि बढाइने छ ।

## राजश्व र वित्तिय व्यवस्थापन सम्वन्धी नीति तथा कार्यक्रम

क) कर प्रणालीलाई स्वच्छ र पारदर्शि बनाउदै स्वेच्छिक करबुझाउने परिपाटिको विकास गर्न जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिने छ ।

ख) गाउँपालिका बाहिर दर्ता भएका तर गाउँपालिका क्षेत्रभित्र काम गर्ने राष्ट्रिय अन्तर्राष्ट्रिय गैर सरकारी संघ सहकारी निर्माण व्यवसायि सप्लायर्सहरुलाई सूचिकृत गराइ करको दायरमा ल्याइने छ ।

ग) गाउँपालिका भित्र सञ्चालनमा रहेका साना व्यवसाय, व्यवसायिक, कृषि तथा पशुपंक्षी लघु उद्योग लाई सूचिकृत गरि करको दायरामा ल्याइने छ ।

घ) गाउँपालिका भित्र रहेका सहकारी वित्तिय संस्था उद्योगहरु लाई सूचिकृत गरिने छ ।

ङ) प्रगतिशिल करको अवधारणालाई अगाडि बढाइ बढि कर तिर्ने लाई सम्मान तथा पुरस्कृत गरिने छ ।

च) करका दर हरु लाई निश्चित विन्दुमा राखि दायरा विस्तार गर्दै अगाडी बढिने छ ।

छ) वन पैदावार, कृषिजन्य, उत्पादन, पशुजन्य उत्पादनको निकासी पैठारीलाई करको दायरमा ल्याइने छ ।

अन्त्यमाः

नीति तथा कार्यक्रम **"हामी आफै बनाउ हाम्रो खजुरा,आत्मनिर्भर र समृद्ध खजुरा"**को नारालाई पुरा गर्ने आवधिक योजनाबाट निर्देशित छ ।आ. व. २०७९।८० को नीति कार्यक्रम र बजेटको कार्यान्वयनको लागि खजुरा गाउँपालिकाका बासिहरुको प्रयाप्त सहयोग र सहभागिता रहने अपेक्षा एवं विश्वास लिएको छु ।योजना तयार गर्ने क्रममा विषयगत समितिका संयोजकहरुले दिनु भएको सुझाव गाउँ सभाका सदस्यहरु राजनीतिक दलहरु,सरकारी तथा गैर सरकारी,निजी क्षेत्र, नागरिक समाज लगायत सबै सरोकारवालाहरुको सक्रिय सहभागिताको लागि हार्दिक धन्यबाद दिन चाहन्छु।नेपालको संविधान २०७२ तथा स्थानीय सरकार संचालन ऐन २०७४

अनुसार गाउँपालिकाले निर्वाह गर्नुपर्ने भूमिका र उत्तरदायित्व पूरा गर्न सहयोग गर्ने नेपाल सरकार लुम्विनी प्रदेश सरकार यस क्षेत्रको प्रतिनिधित्व गर्नु हुने संघिय तथा प्रदेश सभा सदस्य ज्यूहरु, गाउँपालिकाका जनप्रतिनिधिहरु, प्रमुख प्रशासकिय अधिकृत, योजना अधिकृत, लेखा अधिकृत लगायत गाउँपालिकाको सम्पुर्ण कर्मचारिहरुलाई विशेष धन्यवाद दिदै स्थानीय सरकारको कामकाज तथा बजेट निर्माणमा प्रत्येक्ष तथा परोक्ष रुपमा सहयोग गर्नु हुने अन्य सम्पुर्ण राष्ट्रसेवक कर्मचारिहरु, सुरक्षाकर्मी, सञ्चार जगत ,नागरिक समाज एवम् सम्पुर्ण गाउँपालिका वासिहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु नेपाल र नेपालीको जय होस् ।

धन्यबाद ।

अध्यक्ष श्री डम्बर बहादुर बि क(तुफान)

मितिः२०७९।०३।०९